[सम्पादकीय]

## छापामा दलितः कसरी तयार पारियो?
## के का लागि तयार पारियो?

– प्रत्यूष वन्त, प्रमोद भट्ट, विद्यानाथ कोइराला,
खग्रेन्द्र संग्रौला, र सी.के. लाल

सामाजिक साँस्कृतिक, आर्थिक, राजनीतिक र अन्य सबै किसिमले पिछड्याइएका शोषित, पीडित र समाजले नै अन्त्यज पेशा स्वीकार्न वाध्य तुल्याइएका 'छुन नहुने' समूह/समुदाय/वर्गलाई नै हाम्रो समाजमा चलन चल्तीका शब्दमा तल्लो जाति वा अछूत वा दलित भन्ने गरिन्छ । श्री ५ को सरकार, स्थानीय विकास मन्त्रालय अन्तर्गत गठित भएको उपेक्षित, उत्पीडित र दलित वर्ग उत्थान विकास समितिले लोहार, सुनार, कामी, दमाई, सार्की, वादी, गाईने, कुसुले, कुचे, च्यामे, पोडे, चमार, धोवी, पासवान ( दुसाध), तत्मा, डुम, वातर, खत्वे, मुसहर, सन्थाल, सतार, र हलखोर गरी जम्मा २२ जात जातिलाई दलित वर्ग अन्तर्गत राखेको पाइन्छ । आधिकारिक तथ्याङ्क अनुसार यस्ता जात जातिको संख्या नेपालको कूल जनसंख्याको १३ प्रतिशत जति छ भने अन्य तथ्याङ्कमा यिनीहरुको जनसंख्या करीब २० प्रतिशत जति देखाइएको छ ।

हुन त मानिस मानिसबीचका भेदभाव र असमानता वर्तमान समाजमा सामान्य प्रायः हुन् । संसारका विभिन्न खाले समाजमा विभिन्न खालका असमानता रहिआएका छन् । तर नेपाल र भारतका जस्तो जन्मकै आधारमा छुत अछूत हुने र अन्त्यज पेशा अंगाल्नु पर्ने जातीय भेदभाव र छुवाछूत प्रथा भने अन्त कतै देखिएको छैन । करीब ३००० वर्ष अघिदेखि मौलाउँदै आएको यस प्रथाले नेपालमा पृथ्वीनारायण शाहको एकीकरण अभियान पछि व्यापकता पाएको हो भने वि.सं. १९१० को मुलुकी ऐन पछि एकीकृत नेपालमा वैधानिक मान्यता प्राप्त गरेको हो । २०२० सालको मुलुकी ऐन, नेपालले संयुक्त राष्ट्र संघीय महासन्धीमा जाहेर गरेको प्रतिवद्धता र २०४७ को संविधानले कानूनतः जातीय भेदभावको अन्त्य गरिसकेका छन् । तर हाम्रो समाजमा रहेका, विशेषगरी जातीयताको हिसाबले संकुचित सामाजिक साँस्कृतिक र परम्परागत संरचनाहरुले जातीय उत्थान र छुवाछूत उन्मूलनका प्रयासहरु सामु दह्रो तगारो थाप्दै आएका छन् ।

यसरी लामो कालखण्ड देखि भेदभाव र छुवाछूतको चरम उत्पीडनमा शोषित पीडित भई बाँच्न वाध्य तुल्याईएका दलित जातिहरुका समस्याको निकै

लामो सूची तयार गर्न सकिन्छ । तर समष्टिमा भन्नुपर्दा दलितहरुले अन्य अदलितहरुको तुलनामा सार्वजनिक वस्तु/स्थलहरुको स्वतन्त्र उपभोग गर्न पाइरहेका छैनन्, शिक्षामा पिछडिएका छन्, आर्थिक गतिविधिहरुमा पूर्ण रुपले संलग्न हुन पाइरहेका छैनन्, राजनीतिमा उचित प्रतिनिधित्व गर्न सकिरहेका छैनन्, सरकारी-निजामती र निजी क्षेत्रमा जागिर पाइरहेका छैनन् । फलस्वरुप, उनीहरु गरीब भित्रका सबभन्दा गरीब, अशिक्षित, प्रतिकूल स्वास्थ्य अवस्थाबाट गुज्रिरहेका, शक्तिहीन छन् । हरेक रुपले अशक्त छन् । उनीहरुका पुर्खा पिछड्याइए, उनीहरु पिछड्याइए र हालकै परिवेश रहिरहेमा उनीहरुका भावी सन्तति पनि पिछड्याइनेछन् । असमानताको यो कालचक्र लामो समयसम्म चलिरहने छ ।

जातीय असमानतासँगै जातीय मुक्तिका प्रयासहरु पनि भइरहेका छन् । २००७ सालको प्रजातन्त्र र विशेष गरी २०४६ सालको जन आन्दोलनपछिका वर्षहरुमा दलित जातीय उत्थान र मुक्तिका गतिविधिहरुमा वृद्धि भएको पाइन्छ । तर यी मुक्तिका प्रयासहरु भने एकै दिशातिर निश्चय नै गइरहेका छैनन् । केहीले सरकारी माध्यमबाट, केहीले गैर सरकारी क्षेत्रबाट, केहीले नागरिक समाजबाट, केहीले वर्तमान प्रजातान्त्रिक राजनीतिक संगठन मार्फत र अझ केहीले नयाँ जनवादी क्रान्ति (वा माओवादी आन्दोलन) बाट दलित मुक्तिको संभाव्यताको खोजी, वकालत र अभ्यास गरिरहेका छन् । यस्ता खोजी, वकालत र अभ्यासले हालैका वर्षहरुमा जुर्मुराउँदै गरेको नेपाली छापा जगतको ध्यानाकर्षण गरिरहेका छन् । त्यसैको फलस्वरुप नेपाली छापा जगतमा दलितहरु सम्बन्धी समाचार, टिका टिप्पणी र विचारहरुको संख्यामा वृद्धि भइरहेको छ ।

'छापामा दलित' पुस्तकले नेपाली छापा जगतमा दलितहरुबारे लेखिएका यिनै विभिन्न लेख, रचना, टिका टिप्पणी, समाचारलाई क्रमबद्ध र खण्डीय रुपमा समेट्ने प्रयास गरेको छ ।

**कसरी तयार भयो यो पुस्तक?**

हुन त दलित वर्ग/समुदायका बारेमा हालसम्म धेरै नै लेखहरु नेपाली छापा जगतमा प्रकाशित भइसकेका छन् । तर यी लेखहरुलाई एकीकृत रुपमा समेट्ने सकारात्मक प्रयास भने हालसम्म भएको थिएन । यस पुस्तकले यो नभएको प्रयासको शुरुवात मात्र गरेको छ ।

यस पुस्तकमा समाविष्ट भएका लेखहरु कुनै निश्चित समयावधिका भने होइनन् । हामीले पुराना र नयाँ लेखहरु राखेर यस पुस्तक मार्फत दलितहरुको यथास्थितिको सकेसम्म चित्रण गर्ने कोशिश गरेका छौं । तर प्रायजसो लेखहरु

२०४६ पछिका छन् । यसका लागि हामीले राष्ट्रिय र क्षेत्रीय स्तरमा विभिन्न समयावधिमा प्रकाशन हुने गरेका वा प्रकाशित भइरहेका दैनिक, साप्ताहिक, पाक्षिक, मासिक, द्वैमासिक, अर्ध वार्षिक, र वार्षिक पत्र-पत्रिकाका सयौं समाचार, रिपोर्ट, खोजपूर्ण लेख, सम्पादकीय, विचार, टिप्पणी आदिको संकलन र अध्ययन गऱ्यौं । यस बाहेक छापा जगतमा प्रकाशित भइनसकेका वा प्रकाशित हुने क्रममा रहेका सेमिनार/गोष्ठीमा प्रस्तुत गरिएका विभिन्न कार्यपत्रहरु पनि अध्ययन गऱ्यौं । यस क्रममा हामीले विभिन्न दलित र गैर दलित (तर दलित उत्थानका लागि लागिपर्ने) संघसंस्थाहरु पनि चहाऱ्यौं । त्यसपछि हाम्रो प्रारम्भिक संकलन तयार भयो । जुन धेरै बृहत थियो । त्यसपछि चार चरणका छनौट पश्चात यो पुस्तकको प्रारम्भिक प्रारुप तयार भयो ।

अनि हामीले दलितसंग सम्बन्धित विभिन्न संगठन र संघ संस्थाका दलित र गैर दलितहरुलाई मार्टिन चौतारीमा जम्मा गरेर उक्त प्रारुप माथि छलफल गऱ्यौं । थपघट गर्ने सुझाब समेत आएको उक्त छलफलले यस पुस्तकको स्वरुपलाई महत्वपूर्ण योगदान दिएको हामीले ठानेका छौं । थप अध्ययन र छनौटपछि यसको अन्तिम प्रारुप तयार गरिएको हो ।

केही सामग्री जस्ताको तस्तै छापेका छौं । केही टिपोट बनाएका छौं । केहीमा "आवश्यक" काँटछाँट गरेका छौं । यसरी संग्रह गरिएका सामग्रीहरुलाई जीवन र उत्पीडन, इतिहास, धर्म र परम्परा, अर्थतन्त्र र विकास, शिक्षा, उत्पीडन भित्रको उत्पीडन, साहित्यमा दलित, सञ्चार माध्यम र दलित, कानून र दलित, संगठन तथा राजनीति, दलित उत्थानः सैद्धान्तिक बाटाहरु, र दलित उत्थानः प्रयासका नमूनाहरु गरी एघार वटा खण्डमा विभाजन गरेका छौं । प्रत्येक खण्डभित्रका लेखहरुले खण्डीय अनुभूतिसम्म देलान त भन्ने हाम्रो विश्वास छ । तर खण्डान्तर गर्न सकिने संभावनालाई भने हामीले नकारेका छैनौं । यो हाम्रो उदारता पनि हो अपरिपक्कता पनि हो ।

दलित सम्बन्धमा नेपाली छापाले के पाए र के दिए भन्ने कुरा यस पुस्तकका ११ खण्डका .हाम्रो तर्फबाट लेखिएको लेखहरुले बर्णन गरेका छन् । यसबाट दलितहरुलाई चिन्ने चिनाउने काम भएको छ । तर यी लेखहरुले नै दलितहरुको सम्पूर्ण पहिचान दिएका छन् भन्ने हाम्रो ठम्याइ छैन । प्राक्कथनको अन्तमा उल्लेख भएका "छैननहरु" बारे लेखहरु नलेखिएसम्म दलितको चिनारी अझै अधुरो हुन्छ भन्ने हाम्रो मान्यता छ । तर यस पुस्तकमा रहेका खण्डहरुको आधारमा दलितहरुको वृहत विश्लेषण हुनसक्छ भन्ने हाम्रो सोचाइ छ ।

**यो पुस्तक कसका लागि?**

समाजको कुनै निश्चित समूहलाई लक्षित गरेर यो पुस्तक तयार

पारिएको होइन । यसको सदुपयोग वृहत र आमरुपमा होस भन्ने हाम्रो चाहना हो ।

नेपाली पत्रकारिता क्षेत्रका विभिन्न किसिमका प्रशिक्षणहरुमा नेपाली दलितहरुबारे पढाउँदा यो समग्र पुस्तक वा यसका केही खण्ड/लेखहरु श्रोत सामग्रीको रुपमा प्रयोग गर्न सकिन्छ । प्रशिक्षार्थी पत्रकार र स्वयं पेशावर पत्रकारहरुले पनि यस पुस्तकका विभिन्न अध्यायहरु पढेर पत्रकारिताका विभिन्न कोणहरुबाट तिनको समीक्षा गर्न सक्छन्, तिनका वैचारिक पाटाहरुमाथि टिप्पणी गर्न सक्छन् र दलितको विषयमा नयाँ दृष्टिकोणले कसरी रिर्पोटिङ गर्न सकिन्छ भनेर आपसमा छलफल चलाउन सक्छन् ।

दलित उत्थानका लागि कार्यरत सामाजिक कार्यकर्ता र गैर सरकारी संस्थाहरुले यस पुस्तकलाई दलितको यथास्थितिको चित्रण गर्ने श्रोतका रुपमा प्रयोग गर्न सक्छन् । साथै दलितहरुको सशक्तिकरण एवं गैर दलितहरुको दलित-सचेतीकरण गर्ने 'मसला' का रुपमा पनि यो पुस्तक उपयोगी हुनसक्छ ।

देशमा राष्ट्रिय र क्षेत्रीय स्तरमा प्रभुत्व जमाएर बसेका विभिन्न राजनीतिक पार्टीहरु (र तिनका कार्यकर्ताहरु) ले यस पुस्तक अध्ययन गरेर दलित र तिनका समस्याहरुबारे आवश्यक ज्ञान हासिल गरी दलित उत्थानका निम्ति अझ बढी व्यवहारिक र यथार्थवादी भावी रणनीति र कार्ययोजना तयार पार्न सक्नेछन् ।

त्यसै गरेर नेपाली समाजबारे चासो राख्ने नेपाली र गैर नेपाली वौद्धिक र प्राज्ञिक वर्ग साथै अनुसन्धानकर्ताहरुले पनि दलितहरुबारे अझ गहिरो अध्ययन, अनुसन्धान र विश्लेषण गर्न यस पुस्तकलाई आवश्यक खुराकको रुपमा प्रयोग गर्न सक्नेछन् ।

अन्त्यमा, हामीले छितारिएका लेखहरुलाई माला बनाएका छौं । यो मालामा सबैथरी फूलहरु छन् । तिनको बखान गर्न, टिप्पणी गर्न, र तिनबाट भावी लेखहरुको दिशा निर्देश गर्न सबैलाई छुट छ । यस पुस्तकले दिएका सोच र प्रस्तुतीले उब्जाएका अप्ठेराहरु उपर हामी टीका टीप्पणी चाहन्छौं । ती टीका टिप्पणीहरुले दलित आन्दोलनलाई सघाउ नै पुऱ्याउने छन् भन्ने कुरामा हामी विश्वस्त छौं ।